नगर कार्यपालिकाको २१औं बैठक मिति २०८२/०३/१० मा प्रस्तुत प्रस्तावहरु:

१. आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र वजेट सम्वन्धमा
२. आर्थिक विधेयक सम्वन्धमा
३. विनियोजन विधेयक सम्बन्धमा
४. श्री लक्ष्मी प्रा.वि. मैनेनीमा वालविकास शिक्षकको नियुक्तिको सम्बन्धमा
५. श्री दिपेन्द्र प्रा.वि.कौछेको जग्गा खरिद सम्बन्धमा
६. घरजग्गा मूल्याङ्कन सम्बन्धमा

निर्णयहरु:

१. यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक वजेट स्वीकृत गरी मिति २०८२।०३।१० गते बस्ने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको आर्थिक विधेयक, २०८२ नगर सभाबाट पारित गर्न मिति २०८२।०३।१० गते बस्ने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको विनियोजन विधेयक, २०८२ नगर सभाबाट पारित मिति २०८२।०३।१० गते बस्ने नगरसभामा पेश गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको वडा नं. ५ मा अवस्थित श्री लक्ष्मी प्रा.वि. मैनेनीमा वालविकास शिक्षकको लागि नगरपालिकाको मिति २०८१।०५।०५ को निर्णय अनुसार श्री धनकुमारी बुढाथोकी खत्रीलाई नगरपालिकाको च. नं. २०५ मिति २०८१।०५।०६ को सिफारिस पत्रसहित नियुक्तिको लागि सिफारिस गरी पठाइएकोमा उक्त विद्यालयले नियुक्ति दिई कामकाज लगाउनुपर्नेमा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री टेक बहादुर पुनको मौखिक आदेशमा पछि नियुक्ति पत्र दिने सहमतिमा मिति २०८१।०५।०७ देखि हालसम्म कामकाजमा लगाएको र आजसम्म पनि नियुक्ति पत्र नदिएको र कामकाज गरिरहेको अवधिको तलब भत्ता भूक्तानीको लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएको विषयमा छलफल गरियो । यस विषयमा नगरपालिकाको सिफारिस बमोजिम तत्कालिन विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मौखिक आदेशको भरमा

२०८२।०३।१०
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

२०८१।०५।०७ देखि हालसम्म नियमिति रुपमा विद्यालयमा गई पठनपाठन गरेको विषय सम्बन्धित वडाको सिफारिस, श्री लक्ष्मी प्रा.वि. मैनेनीका अभिभावकहरुको वैठकको निर्णय, वडा शिक्षा समन्वय समितिको निर्णय र सम्वन्धित विद्यालयको प्रमाणित हाजिरी उतार फारामको आधारमा श्री धनकुमारी बुढाथोकी खत्रीले श्री लक्ष्मी प्रा.वि. मैनेनीमा निरन्तर काम गरिरहेको देखिएकोले राज्यले कुनै पनि नागरिकलाई पारिश्रमिक बिना काम गराउनु नागरिकको मौलिक हक विरुद्ध हुने हुँदा हाल उक्त विद्यालयको व्यवस्थापन समिति अस्तित्वमा नरहेकोले निज श्री धनकुमारी बुढाथोकी खत्रीलाई नगरपालिकाको च. नं. २०५ मिति २०८१।०५।०६ को नियुक्तिको लागि दिइएको सिफारिस पत्रको आधारमा यस नगरपालिकाको शिक्षा शाखा प्रमुखले मिति २०८१।०५।०७ गतेदेखि लागू हुने गरी नियुक्तिपत्र दिने र श्री धनकुमारी बुढाथोकी खत्रीले मिति २०८१।०५।०७ देखि हालसम्म विद्यालयमा गई काम गरेबापत सिफारिस पत्रमा तोकिए बमोजिमको तलब भत्ता लगायत सेवा सुविधा भूक्तानी दिने निर्णय गरियो ।

५. यस नगरपालिकाको वडा नं. ८ स्थित श्री दिपेन्द्र प्राथमिक विद्यालय कौछे सल्यानले विद्यालयको लागि आवश्यक पर्ने जग्गा आफ्नै स्रोतबाट खरिद गर्ने गरी विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०३।०२ गतेको निर्णय सहित विद्यालयको नाममा जग्गा नामसारी गर्न आवश्यक कागजात बनाइदिन भनी पत्राचार गरेको हुँदा तपसिल बमोजिमको जग्गा विद्यालयको नाममा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क छुटको लागि मालपोत कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गा खरिद गर्ने संस्थाको नाम | जग्गा दिने व्यक्तिको नाम | कित्ता नं. | खरिद हुने क्षेत्रफल |
|---|---|---|---|---|
| १ | श्री दिपेन्द्र प्राथमिक विद्यालय, कौछे | तिलक घर्ती | १९२२ | १-०-३-० साविक कुपिण्डे गा.वि.स. वडा नं. ३ |
| २ | | छविलाल वि.क. | २०५४ | ०-६-०-० साविक कुपिण्डे गा.वि.स. वडा नं. ३ |

२०८२।०३।१० 
प्रमुख प्रशासकीय अधिकृत

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

CamScanner

६. आर्थिक वर्ष २०८२/८३ को लागि यस नगरपालिकाको घरजग्गाको लिखत (रजिष्ट्रेशन) पारित गर्ने प्रयोजनको लागि घरजग्गाको न्यूनतम मूल्याङ्कन आर्थिक वर्ष २०८१/८२ बमोजिमकै यथावत राख्ने निर्णय गरियो ।

२०८२/०३/१०

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख